# पूर्वाञ्चल विश्वविद्यालय
## रजिष्ट्रारको कार्यालय
### (सूचना तथा सम्पर्क शाखा)

फोन नं. : ०२१-४२६०१२
पो.ब.नं. : १४२
गोठगाउँ, मोरङ, नेपाल


प.सं./च.नं.:- ०६/२०८०/०८१ मिति: २०८१।०३।२४

विश्वविद्यालय अन्तर्गतका निकाय/कार्यालय एवम्
सम्पूर्ण आंगिक तथा सम्बन्धन प्राप्त स्कूल/क्याम्पस/कलेजहरू

**विषयः सूचना तथा जानकारी उपलब्ध गराउने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा, विश्वविद्यालयको सूचना प्रणालीलाई थप व्यवस्थित बनाउँदै लैजाने उद्देश्यले केन्द्रीय कार्यालयद्वारा http://purbanchaluniversity.edu.np वेबसाइट सञ्चालनमा ल्याइएको ब्यहोरा जानकारी गराउँदै मिति २०८१।०४।०१ गतेदेखि विश्वविद्यालय अन्तर्गतका निकाय/कार्यालय एवम् आंगिक तथा सम्बन्धन प्राप्त स्कूल/क्याम्पस/कलेजहरूबाट तपसिल बमोजिमको सूचना एवम् जानकारी उपलब्ध गराई सहयोग पुऱ्याई दिनुहुन निर्देशानुसार अनुरोध गर्दछु ।

**तपसिल**

(१) विश्वविद्यालय अन्तर्गतका निकाय/कार्यालय एवम् आंगिक तथा सम्बन्धन प्राप्त स्कूल/क्याम्पस/कलेजहरूद्वारा आयोजित कार्यशाला गोष्ठी तथा प्राज्ञिक गतिविधि सम्बन्धी तस्वीर सहितको जानकारी ।

(२) विश्वविद्यालयका विभिन्न संकायद्वारा प्रकाशित प्रवेश परीक्षा, छात्रवृत्ति र विद्यार्थी भर्नासँग सम्बन्धित सूचना तथा जानकारी ।

(३) विश्वविद्यालय अन्तर्गतका निकाय/कार्यालय एवम् आंगिक तथा सम्बन्धन प्राप्त स्कूल/क्याम्पस/कलेजहरूद्वारा प्रकाशित अनुसन्धानमूलक प्रकाशन/जर्नल (PDF फर्म्याट सहित) सम्बन्धी जानकारी ।

(४) विश्वविद्यालयका विभिन्न संकाय अन्तर्गत सञ्चालित शैक्षिक कार्यक्रमहरूको अध्ययन पूरा गरी देश/विदेशका विभिन्न क्षेत्रमा क्रियाशील पूर्व विद्यार्थीहरूको सफलताको कथा (Success Story) सम्बन्धी तस्वीर सहितको जानकारी ।

(५) विश्वविद्यालयका विभिन्न संकाय अन्तर्गत सञ्चालित आंगिक तथा सम्बन्धन प्राप्त स्कूल/क्याम्पस/कलेजहरूमा अध्ययनरत विद्यार्थीहरूको अवलोकन भ्रमण, प्रयोगात्मक परीक्षा, फिल्ड भिजिट लगायतका शैक्षिक गतिविधिसँग सम्बन्धित तस्वीर सहितको सन्देशमूलक जानकारी ।

(६) विश्वविद्यालय अन्तर्गतका निकाय/कार्यालय एवम् आंगिक तथा सम्बन्धन प्राप्त स्कूल/क्याम्पस/कलेजहरूद्वारा आयोजना हुने शैक्षिक लगायत अन्य सामाजिक कार्यहरू सम्बन्धी तस्वीर सहितको सन्देशमूलक जानकारी ।

**सूचना तथा जानकारी उपलब्ध गराउने इमेलः**
it@purbuniv.edu.np
info@purbuniv.edu.np

**सम्पर्क मोबाइलः** 9852020325

(टेक प्रसाद अधिकारी)
वरिष्ठ अधिकृत (कम्प्युटर)
एवम्
सूचना तथा सम्पर्क अधिकारी